सुनवल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी

५ नं. प्रदेश, नेपाल

च. नं.

प. सं. २०७४।७५

मिति: २०७५।२।२७

श्री वडा समिति, ......... नं. वडा,
सुनवल नगरपालिका
नवलपरासी (वर्दधाट–सुस्ता पश्चिम) ।

**विषय: आर्थिक वर्ष २०७५।७६ को योजना तर्जुमाका लागि वजेट सीमा तथा मार्गदर्शन पठाईएको सम्वन्धमा ।**

उपर्युक्त सम्वन्धमा यस सुनवल नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५।७६ को वार्षिक योजना तर्जुमा गर्नेको क्रममा रहेको व्यहोरा विदितै छ । यसै सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन परिमार्जन सहित) का साथै देहायको मार्गदर्शन वमोजिम तहाँको वडाक्षेत्र भित्रका स्थानीय आवश्यकता पहिचान गरी योजनाहरुको पहिचान, संकलन र विषयगतरुपमा प्राथिमिकिकरण गरी वडा समितिको निर्णय प्रतिलिपी सहित यहि २०७५।२।३१ भित्र यस नगर कार्यपालिकाको कार्यालयमा पठाउनुहुन अनुरोध छ । सो प्रयोजनार्थ तहाँको वडाको वडास्तरिय योजनाहरुका लागि रु.......................................................... (अक्षरेपी रु. ......................................................) को वजेट सीमा निर्धारण गरिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

**योजना तथा वजेट तर्जुमाका लागि मार्गदर्शनहरू:**

**क. बस्तीस्तरका योजना छनोट (टोल भेला)गर्दा देहाय वमोजिम गर्नुपर्नेछ ।**

१. वडा समितिले आफ्नो वडाको प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई वस्ति तथा टोलस्तरको योजना छनोट गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी तोक्नुपर्नेछ ।
२. प्रत्येक वडाले वडाभित्रका वस्तिहरुमा योजना तर्जुमाको लागि वैठक हुने मिति, समय र स्थान सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्नेछ ।
३. वस्तितहमा योजना छनोट गर्दा सो वस्तिभित्रका सवै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, थारु, उत्पिडित जाति, पिछडावर्ग, अल्पसंख्यक, सिमान्तीकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको समुदाय आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।
४. टोल वस्तिमा हुने योजना तर्जुमा प्रक्रियामा टोल वस्तिभित्रका सामुदायक संस्थाहरु (टोल विकास संस्था, आमा समुह, वाल क्लव /संजाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी निकायहरुवाट गठन भएका समुहहरु आदि) लाई सहभागी गराउनु पर्नेछ ।

माथी उल्लेखित भए वमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनका तोकिएको मिति, समय र स्थानमा उपस्थित भई योजना छनौटको सम्वन्धमा अन्तरक्रिया छलफल र विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखितरुपमा वडा समितिमा पठाउनुपर्नेछ ।

**ख. वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :**

१. वडा तहमा योजना छनोट तथा प्राथमिककिरण गर्दा प्राप्त वजेट सीमा र मार्गदर्शनका आधारमा सम्वन्धित वडाहरुले वस्ति टोलवाट प्राप्त योजनाहरु मध्येवाट वडाका लागि प्राप्त वजेटको सीमामा रहि योजनाहरुको छनौठ र प्राथमिकता समेत निर्धारण गरी स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जन सहित) को अनुसुची ४ वमोजिमको ढाँचामा वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्नेछ ।

यसरी वडा समितिले योजना छनोट तथा प्राथमिकीकरण गर्दा प्राप्त बिषयगत क्षेत्र अनुसार कुल वजेट सीमाको आर्थिक विकास क्षेत्रमा २० प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा ५० प्रतिशत (यस क्षेत्रमा प्राप्त रकमलाई १०० प्रतिशत मानी सो को ८० प्रतिशत रकमवाट वडा गौरवको कम्तिमा रु. १० लाख रकम वरावरको १ वटा योजना र अन्य ५ लाख भन्दा ठूला पूर्वाधारका योजना छनोट गर्नुपर्नेछ र वाँकी ३० प्रतिशत रकमवाट प्रर्वद्धनात्मक पूर्वाधारका योजनाहरु छनोट गर्नु पर्नेछ), सामाजिक विकास क्षेत्रमा २० प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा ५ प्रतिशत र संस्थागत तथा संरचना विकासका क्षेत्रमा ५ प्रतिशतका दरले विषयगत वजेट सीमा निर्धारण गरी उक्त वजेट सीमाको अधिनमा रहि वस्ति टोलवाट आएका योजनाहरुलाई विषयगत रुपमा वर्गीकरण गरी विषयगत रुपमा छुट्टा छुट्टै प्राथमिकीकरण गर्नु पर्नेछ ।

**बिषयगत क्षेत्रहरू:**

**आर्थिक विकास:** कृषि, पशु, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी, वित्तिय क्षेत्रहरु

**योजना संकलन गर्न सकिने क्षेत्रहरू:**

कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघु उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार, हाट हटियाको व्यवस्थापन, प्रर्वद्धन कार्यक्रम, महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्वन्धी क्रियाकलापहरू, घरेलु तथा लघुउधम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन , सहकारी खेती, जैविक खेती, आधुनिक कृषि प्रणाली, साना तथा सामुदायिक सिंचाइ, उन्नत बीउ विजन तथा प्रविधि विकाससंग सम्बन्धी (जस्तै: हरितगृह, गोठ मल-मूत्र संकलन, कीटनाशक औषधि, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रुपमा आधुनीकरण गर्ने, गरीव महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरू आदि ।

**सामाजिक विकास:** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा समावेशीकरण (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक आदि)

**योजना संकलन गर्न सकिने क्षेत्रहरू:**

प्रसुतीगृह निर्माण तथा मर्मत सुधार, प्रसुती एवं स्वास्थ जाँचका लागि आवश्यक पर्ने सामाग्री, इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण, मर्मत र सम्भार सुधारिएको चुलो, स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम, किशोरीहरूलाई पत्रकारिता, कम्प्यूटर सम्बन्धी विस्तृत तालिम, महिला तथा किशोरीहरूको सामुदायिक संस्था तथा सहकारिहरूको वचत तथा लेखा व्यवस्थापनमा क्षमता विकास करेसावारी, फलफूल प्रशोधन, कम्पोस्टिङ, सिलाईकटाई, कम्प्युटर, रेडियो, होटेल व्यवस्थापन तथा मोवाईल मर्मत तालिम, बालविकास भवन, वालमैत्री शैक्षिक सामाग्री, खेलकुद मैदान, खेलकुद सामाग्री, विधालय मर्मत सुधार, फर्निचर, पुस्तकालय निर्माण तथा मर्मत सुधार, बालमैत्री अभियान संचालन (बालमैत्री अभियानमा अनिवार्यरुपमा वडागत रुपमा ३ लाख विनियोजन गरिनु पर्ने) र महिला उद्यम सबै वर्गलाई सिपमुलक तालिम संचालन गर्ने गरी रु. ५ लाख अनिवार्य विनियोजन गर्नु पर्नेछ ।

**पूर्वाधार विकासः**
सडक तथा पुल (झोलुङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार

**योजना संकलन गर्न सकिने क्षेत्रहरुः**

सडक, पुल, कल्भर्ट, ग्याबियन बाल, नदी तटवन्धन, सिंचाई सुविधा, विद्यालय भवन, पक्कि नाला, सौर्यउर्जा, गोबरग्यास, विद्युतिकरण, बैकल्पिक उर्जा, स्वास्थ्य पूर्वाधार, शिक्षा पूर्वाधार, बजार प्रवर्द्धन तथा व्यवस्थापन आदि (यस क्षेत्रमा रकम विनियोजन गर्दा ८० प्रतिशतको रकमबाट वडा गौरवको योजनामा १० लाख माथीको योजना १ वटा (७०:३० अवधारणामा), अरु योजनाका हकमा ५ लाख माथिका योजनाहरु संकलन गरिनु पर्नेछ भने २० प्रतिशत रकमबाट ह्युमपाईप, तारजाली, विद्युत पोल, स-साना पूर्वाधार, ग्राभेल, ढल निकास र अन्य प्रवद्धनात्मक पूर्वाधारका कार्यक्रमहरु छनोट गर्नु पर्नेछ ।)

**वन वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, बारुणयन्त्र संचालन

**योजना संकलन गर्न सकिने क्षेत्रहरुः**

वन, वातावरण संरक्षण, जैविक विविधता, उद्यान तथा खुला एवम् हरियाली क्षेत्र, जलवायु परिवर्तन, नवीकरणीय उर्जा, प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन, भूक्षय नियन्त्रण, खोला तथा नदी नियन्त्रण, तारजाली व्यवस्थापन, पानी मुहान संरक्षण, फोहार मैला व्यवस्थापन लगायतका अन्य पूर्वाधारहरु

**शुसासन तथा संस्थागत विकासः** मानव शंसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखापरिक्षण, बेरुजु फछर्योट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग, नागरिक सर्वेक्षण र अन्तरनिकाय समन्वय

**योजना संकलन गर्न सकिने क्षेत्रहरुः**
वडा कार्यालय संचालन सम्वन्धि कार्यक्रमहरु, सामुदायिक संस्था, यस वर्गका विभिन्न संघ संस्थाको संस्थागत विकास सम्वन्धी कार्यक्रमहरु

- वस्ति टोलवाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजना छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको वजेट सीमाभित्र रहि औचित्यताको आधारमा समावेश गर्न सक्नेछ ।
- वडाको वजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने नगरस्तरिय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।
- पुनश्चः यस प्रयोजनाका लागि स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन( परिमार्जन सहित)को अनुसुची ४ वमोजिमको ढाँचा र अनुसुची ३ वमोजिमको योजना प्राथमिकीकरणका आधार तथा प्राथमिकीकरण ढाँचा यसैसाथ संलग्न गरिएको छ ।

## विषयगत रूपमा विभाजन गरिएको वजेट सीमाको रकम यस प्रकार रहेको छ ।

सुनवल नगरपालिकाको आ.व. २०७५।७६ को वडागत वजेट सीमा तथा विषयगत क्षेत्र वाडफाड

| वडा नं | आथिक विकास | पूर्वाधार विकास | | सामाजिक विकास | वन वातावरण | संस्थागत विकास | कुल वजेट सीमा |
|---|---|---|---|---|---|---|---|
| | | वडा गौरव/ठूला योजना | प्रवर्द्धनात्मक पूर्वाधार | | | | |
| १ | ११६०००० | २३२१००० | ५८०००० | ११६०००० | २९०००० | २९०००० | ५८०१००० |
| २ | १२१६००० | २४३२००० | ६०८००० | १२१६००० | ३०४००० | ३०४००० | ६०८०००० |
| ३ | ११९४००० | २३८८००० | ५९७००० | ११९४००० | २९८००० | २९८००० | ५९६९००० |
| ४ | १३६५००० | २७३०००० | ६८२००० | १३६५००० | ३४१००० | ३४१००० | ६८२४००० |
| ५ | ११६०००० | २३१९००० | ५८०००० | ११६०००० | २९०००० | २९०००० | ५७९९००० |
| ६ | ११८९००० | २३७८००० | ५९४००० | ११८९००० | २९७००० | २९७००० | ५९४४००० |
| ७ | १२६०००० | २५२१००० | ६३०००० | १२६०००० | ३१५००० | ३१५००० | ६३०१००० |
| ८ | १२०७००० | २४१४००० | ६०४००० | १२०७००० | ३०२००० | ३०२००० | ६०३६००० |
| ९ | १२४९००० | २४९८००० | ६२५००० | १२४९००० | ३१२००० | ३१२००० | ६२४५००० |
| १० | ११६३००० | २३२५००० | ५८१००० | ११६३००० | २९१००० | २९१००० | ५८१४००० |
| ११ | १३३४००० | २६६८००० | ६६७००० | १३३४००० | ३३४००० | ३३४००० | ६६७१००० |
| १२ | १२४८००० | २४९७००० | ६२४००० | १२४८००० | ३१२००० | ३१२००० | ६२४१००० |
| १३ | १२५४००० | २५०९००० | ६२७००० | १२५४००० | ३१४००० | ३१४००० | ६२७२००० |

-------------------